जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ३६ २०८१ साल बैशाख ९ गते आइतवार (21 Apr. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** किन छुट्टै स्वास्थ्य सेवा ... **पृष्ठ ३ मा :** मर्यादा पुरुषोत्तम श्रीराम र वर्तमान ... **पृष्ठ ४ मा :** राससले पायो ... **पृष्ठ ५ मा :** बाल बिवाहलाई न्युनीकरण गर्नसके ...

## सार्वजनिक बिदाका दिनहरुमा पनि सेवा प्रवाह हुने

**राजबिराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले जनतालाई प्रदान गरिने सेवा सहज गर्ने उद्देश्यले सार्वजनिक बिदाका दिनहरुमा पनि सेवा प्रवाह गर्ने जनाएको छ ।

बि.स. २०८१ साल भरी पर्ने सार्वजनिक बिदाको दिनहरुमा पनि आफ्नो अतिआवश्यक सेवा प्रवाह गर्ने भएको हो । यसअघि प्रशासन कार्यालयले गत वर्ष पनि बिदाका दिनमा सेवा प्रवाह गरेको थियो ।

प्रशासकीय अधिकृत भिमराज बस्नेतद्वारा बिहीबार जारि सूचनामा २०८१ साल बैशाखदेखी चैतमसान्त सम्ममा विभिन्न १६ दिनको सार्वजनिक बिदामा नागरिकता सम्बन्धी, राष्ट्रिय परिचयपत्र सम्बन्धी र राहदानी सम्बन्धी सेवा प्रवाह गर्ने उल्लेख छ ।

जारि सूचना बैशाख ५ गते रामनबमी, जेठ १० गते चण्डी पूर्णिमा (बैशाख पुर्णि) बृद्ध जयन्ती, उभौली पर्व, जेठ १५ गते गणतन्त्र दिवस, भदौं ३ गते रक्षाबन्धन, भदौं १० गते श्रीकृष्ण जन्माष्टमी, असोज १७ गते घटस्थापना, मंसिर ३० गते धान्य पूर्णिमा, उधौली पर्व, योमरी पुन्हि (ज्यापु दिवस), पुस १० गते क्रिसमस डे, पुस १५ गते तमु ल्होसार, माघ १ गते माघी पर्व/माघे संक्रान्ति, माघ १६ गते सहिद दिवस, माघ १७ गते सोनजम ल्होसार, फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन १४ गते महाशिवरात्री, फागुन १६ गते ग्याल्पो ल्होसार र मिति निर्धारण नभएको ईद र बकर ईद पर्वमा ती तीनै बटा सेवाहरु प्रवाह हुने जनाइएको छ ।

## छिन्नमस्ताले डिजिटल एग्रीकल्चर रूम स्थापना गर्ने

**राजबिराज**/कृषिलाई आधुनिकीकरण गरि उत्पादन बढाउने उद्देश्यले छिन्नमस्ता गाउँपालिकाले कृषि सुचना तथा प्रशिक्षण केन्द्रको सहकार्यमा पालिकामा डिजिटल एग्रीकल्चर रूम स्थापना गर्न लागेको छ ।



कृषकहरूको समस्या समाधानको लागि डिजिटल भिलेज इन्टिएटिभ कार्यक्रम अन्तर्गत पालिकामा डिजिटल एग्रीकल्चर रुमको स्थापना गर्न लागेको पालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन् ।

यस रूममा पालिकाको कृषि विज्ञ, पशु विज्ञ तथा कार्यक्रम विज्ञ रहने र उनीहरूले कृषकको बालीमा आइपरेको रोगको समाधान गर्ने अध्यक्ष चौधरीले बताएका छन् ।

उनले यस कार्यक्रम अन्तर्गत किसानहरूको मोबाइल फोनमा टेली प्वाइन्ट डाक्टर नामको एप राख्ने बताए ।

'कृषकहरूको मोबाइलमा यो एप राखिनेछ, जसबाट उनीहरूले आफ्नो बालीको फोटो खिचेर त्यसमा कुन किरा लागेको, के रोग हो थाहा पाउँछन् र त्यसको समाधान पाउँछन्, यो चौबिसै घण्टा प्रयोग गर्न सकिन्छ,' अध्यक्ष चौधरीले भने, 'फोटो खिचेर एग्रीकल्चर रूममा रहेको विज्ञसँग समेत समाधान पाउन सक्छन् ।'

उनले पालिकामा कृषकहरुको सूचिकरण गरिने

***बाँकी पाँच पृष्ठमा***

## पेट्रोल, डिजेल र मट्टितेलको मुल्य बृद्धि

**राजबिराज**/नेपाल आयल निगमले पुनः पेट्रोल, डिजेल र मट्टितेलमा मुल्य बृद्धि गरेको छ ।

मंगलबार बिहानदेखि कायम हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा बृद्धि भएको निगमले जनाएको छ ।

नयाँ मूल्य अनुसार पेट्रोलमा प्रति लिटर दुई रुपैया ९६ पैसा र डिजेलको प्रतिलिटर तीन रुपैया ४६ पैसा मूल्य बढेको हो । नयाँ खुद्रा मूल्य अनुसार पेट्रोलप्रति लिटर रुपैयाँ एक सय ७८, डिजेल र मट्टितेल प्रतिलिटर रुपैयाँ एक सय ६१ पुगेको छ ।

पहिलो वर्गअर्न्तगतको चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जका लागि पेट्रोलको मूल्य एक सय ७५ रुपैयाँ ५० पैसा तोकिएको छ ।

यस्तै दोस्रो वर्ग अर्न्तगतको सुर्खेत र दाङ्का लागि एक सय ७७ रुपैयाँ मूल्य रहेको छ भने तेस्रो वर्गअर्न्तगतको काठमाडौं, पोखरा र दिपायलका लागि पेट्रोलको मूल्य एक सय ६१ रुपैयाँ कायम गरिएको छ ।

## “गजेन्द्र स्मृती भवन तथा संग्रहालय” स्थापना हुने

**राजबिराज**/गजेन्द्र नारायण सिंहको जन्मजयन्तीको अवसरमा राजबिराजमा “गजेन्द्र स्मृती भवन तथा संग्रहालय” स्थापना हुने भएको छ ।

सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले बुधबार सामाजिक संजालमा एक स्टाटस सार्वजनिक गर्दै सो जानकारी दिएका हुन् ।

शहरी विकास मन्त्रालयबाट “गजेन्द्र स्मृति भवन तथा संग्रहालय“ स्थापनाको लागि परियोजना ल्याइएको र टेन्डर निकालेर सो निर्माण शुरू हुने क्रममा रहेको उनले स्टाटसमा उल्लेख गरेका छन् ।

सो स्टाटसमा अध्यक्ष डा. राउतले २०८० साल फागुन २२ गते सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले ८५ लाख ६० हजार ५ सय ६३ रुँपैया ५४ पैसा बराबरको बोलपत्र आह्वानको सूचना समेत जारि गरेको उल्लेख गरेका छन् ।

त्यस्तै राजबिराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिन र प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरूङको पहलमा राजबिराज वडा नं. २ स्थित तत्कालिन स्मृती भवनकै छेउमा सो जग्गा उपलब्ध गराइएकोप्रति उनले दुबै जनालाई धन्यवाद समेत दिएका छन् ।

## पोखरीमा डुबेर बालिकाको मृत्यु

**राजबिराज**/पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको छ । सप्तरीको महादेबा गाउँपालिका ५ भगवतपुरस्थित सार्वजनिक पोखरीमा डुबेर बालिकाको मृत्यु भएको हो ।

स्थानिय दिपु मण्डलकी १२ वर्षिया छोरी भुमिका कुमारी मण्डलको स्थानिय सार्वजनिक पोखरीमा डुबेर शुक्रबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

डुबेर अशक्त भएकी उनको गजेन्द्रनारायण सिंह अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।





**जनहितका लागि जारि सन्देश**

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अब खबरदारी गर्ने बेला हो

हरके वर्ष आर्थिक वर्षको अन्त्यतिर विकासीय कार्यहरु गर्ने होडबाजी नै चल्ने गरेको छ। सो अनुसार अहिलेदेखी नै ती कार्यहरु सम्पन्न गर्न सबै विकासीय कार्यहरुले तिब्रता पाएको छ। प्राय प्रदेश र स्थानिय तहका ती कार्यहरु आर्थिक वर्षको अन्त्यतिर नै गर्ने गरिन्छ। आर्थिक वर्षको सुरुमा विभिन्न ती कार्यहरुको स्थलग, कागजी प्रक्रिया तथा कार्यालय तालमेल मिलाउने गरिन्छ। र अन्त्य तिर यसलाई कार्यान्वयनका लागि बजेट निकासा गरिन्छ।

सालतमामी भन्ने बित्तिकै असार कामहरु सम्झनु पर्दछ। वर्षभरिका लागि बिनियोति गरिएको बजेटलाई असार मसान्तभित्रै सम्पन्न गर्नुपर्ने बाध्यता रहेकोले अहिले विभिन्न विकासीय कार्यहरुले तिब्रता लिएको हो। अर्को शब्दमा यसलाई बजेट सकाउनैका लागि असारे कामहरु गर्ने बुझिन्छ। जसरी तसरी सम्पन्न गर्न गराउन अहिले पालिकाहरु लागिपरेका छन्। यसरी वर्षभरी काम नगर्ने असारमै काम गरेर बजेट सकाउने उदेश्यले गरिने कामहरु निगरानी आवश्यक छ।

तसर्थ यस्ता असारे कामहरुप्रति अब जनता सजग हुने बेला आएको छ। सुरुदेखी लागेको बानी एकैपटक नसुध्रिने कारणले अब जनता यसप्रति खबरदारी गर्ने बेला आएको छ। होइन् भने जनतासँग सरोकार राख्ने जुनसुकै पनि विकासी कार्यहरु नामका लागि मात्र गरेमा यसले दिर्घकालिन असर पुऱ्याउनुक साथै हामी जनतालाई नै यसबाट क्षति पुग्ने निश्चित छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किन छुट्टै स्वास्थ्य सेवा ऐन ?

**डा सुशीलनाथ प्याकुरेल**

मुलुक संघीयतामा गएसँगै केन्द्रीकृत रहेको शासन प्रणाली विकेन्द्रीकरणको अवधारणाअनुसार सञ्चालित हुन थाल्यो। योसँगै स्वास्थ्यका संघ संस्थाहरु पनि विभिन्न तहमा विभाजित हुन पुगे, जसकारण विभिन्न तहमा कार्यरत स्वास्थ्यकर्मीहरु पनि विभाजन भए।

जसको प्रभाव गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा परेको छ। जुनसुकै सेवालाई गुणस्तरीय बनाउनका लागि त्यसको व्यवस्थापन सही रुपमा हुन आवश्यक छ। सरकार तीन तहमा विभाजित हुँदा समंग्रमा स्वास्थ्य सेवा राम्रो हुन सकेन। जसलाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ।

**मानव संसाधन**

स्वास्थ्य सेवामा मानव संसाधन भन्नाले तल्लो तहका स्वास्थ्यकर्मी अनमीदेखि उच्च तहका कर्मचारी स्वास्थ्य सचिवसम्म पर्छन्। तीन तहको सरकारमा स्वास्थ्यकर्मीहरुको सही स्थान, सही व्यक्तिको छनौट हुन सकेको छैन। स्वास्थ्यकर्मीको पेशागत विकासका लागि समेत सरकार अनुसारका नियमहरु बन्न थाले।

जसकारण कसैलाई कामको बढी बोझ परेको तथा कतिपयलाई काम नै नभएको अवस्था समेत सृजना भएको छ। दक्ष स्वास्थ्यकर्मीहरु दुर्गम गाउँ गाउँसम्म समेत नपुग्ने अवस्था आएपछि मानव संसाधनको सहीरुपमा व्यवस्थापनका त्रुटिको अवस्था आएको छ। भौतिक संरचना तथा स्वास्थ्य सामग्री व्यवस्थापन सरकार अनुसारका नियम भएको अवस्थामा सबै क्षेत्रमा औषधि तथा भौतिक संरचना बिकास हुन नसकेको छैन।

त्यस्तै कतिपय स्थानीय तहमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि बनाइएका भौतिक संरचनाहरु प्रयोगविहीन अवस्थामा रहे। जस्तै कोरोना कालमा बनाइएका कतिपय होल्डिङ सेन्टरहरु हालसम्म प्रयोगविहीन अवस्थामा रहेका छन्। संघीयता अगाडि जिल्ला स्वास्थ्य कार्यालयले खरिद गरेको औषधि विभिन्न ठाउँमा ढुवानी गरिन्थ्यो, जसकारण ढुवानी लागत कम पर्न जान्थ्यो।

प्रत्येक स्थानीय तहले औषधि खरिदको अनुमती पाएसँगै औषधि भन्दा पनि ढुवानी खर्च बढी पर्न जाने भएकोले सस्तोमा पाइने स्वास्थ्य सेवा पनि महँगो पर्न स्थिती हुने भएकोले एकीकृत स्वास्थ्य सेवा ऐन मार्फत् स्वास्थ्य प्रणाली लागू हुनु आवश्यक छ।

**सूचना प्रणालीको व्यवस्थापन**

स्वास्थ्यकर्मी तथा भौतिक संरचनाको व्यवस्थापन सही रुपमा नहुँदा स्वास्थ्य सेवाको गुणात्मक कमजोर हुने अवस्था पुगेको छ। संघीयता अगाडि जिल्ला जनस्वास्थ्य कार्यालयबाट सहज रुपमा नै प्रदान हुँदै आएको सामान्य प्रकारका सेवा पाउनका लागि समेत झन्झटिलो तथा असहज स्थितीको सामना गर्नुपरेको अवस्था छ।

कुन तहका सरकारले कस्तो प्रकृतिको स्वास्थ्य सामग्री खरिद गर्ने भन्ने यकिन अहिलेसम्म नहुँदा स्वास्थ्य सेवामा भद्गोलको अवस्था सृजना भएको छ। कतिपय अवस्थामा एउटै प्रकारको स्वास्थ्य सेवा विभिन्न तहले खरिद गर्ने अवस्था बन्यो,स्वास्थ्य सेवा दिनेभन्दा पनि कमिसनको चक्करमा स्वास्थ्य सामग्री खरिद गर्नका विभिन्न तहका सरकार लागेको स्थिती छ।

स्वास्थ्य सेवा स्थानीय तहलाई दिँदा राजनीतिक आस्थाको आधारमा स्वास्थ्यकर्मीलाई पुरस्कार तथा दण्डित गर्ने परम्परा बस्न गएको छ। जसले गर्दा कतिपय स्थानमा स्वास्थ्यमा अराजकताको स्थिती सृजना भएको अवस्था छ। हाल संघ सरकार अन्तर्गत स्वास्थ्य सेवाका २८ सय स्वास्थ्यकर्मी रहेको अवस्था छ। प्रदेश तथा स्थानीय तहका समेत हिसाब गर्दा ३६ हजार भन्दा बढी स्वास्थ्यकर्मी सरकारी क्षेत्रमा कार्यरत रहेका छन्।

सरकारी , निजी तथा विभिन्न क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई एउटै ऐनअन्तर्गत समेट्नका लागि समेत एकीकृत स्वास्थ्य सेवा ऐन अपरिहार्य छ। यसरी एउटै ऐन अन्तर्गत सबै स्वास्थ्यकर्मीलाई समेट्न सक्दा समग्र स्वास्थ्य प्रणाली सुधारका लागि सरकारलाई समेत सहयोग पुग्छ।

**किन स्वास्थ्य सेवालाई निजामती ऐनमा समावेश नगर्ने ?**

स्वास्थ्य सेवा विशिष्टीकृत सेवा हो। त्यसैले यसलाई निजामती सेवामा समावेश गर्नु उचित हुँदैन। स्वास्थ्यकर्मीहरुको पेशागत विकासका लागि भिन्नै प्रकारको तालिमको आवश्यकता

*बाँकी पाँच पृष्ठमा*






# मर्यादा पुरुषोत्तम श्रीराम र वर्तमान युगमा मर्यादाको अवस्था

**तेजनाथ दंगाल**

कहीं छैन योभन्दा ठुलो धाम,
सबै लोक तर्छन् बोलेर
श्रीराम ।
दुई अक्षरको दिव्य पवित्र नाम
पुकारौं सबैले बोलेर जय
श्रीराम ।

धर्म, संस्कृतिले नै मानव जातिलाई सभ्यताको मार्गमा डोऱ्याएको हुन्छ । जति नै सापेक्षता र निरपेक्षताका कुरा गरे पनि आजको अवस्थामा आइपुग्न मानव जातिलाई धर्मको गतिलो बैसाखीको मद्दत मिलेको कुरा अकाट्य छ ।

धर्मको एक अंशका रूपमा संस्कृतिको प्रादुर्भाव भएको हो । संस्कृतिको अवलम्बन गरेर मात्र हरेक क्षेत्रका मानव जाति सभ्यताको शिखरमा आइपुगेका हुन् । सभ्यताको शिखर आरोहण गर्दा आदर्श र मर्यादा दुई सूत्रले मात्र गन्तव्य निर्धारण गर्छ, जसलाई भगवान् श्रीरामले अवलम्बन गरेका थिए, जुन आज दृष्टान्तका रूपमा हिन्दु सभ्यतामा सर्वव्यापक भएको छ । आदर्शको प्रसङ्ग उठान गर्दा जो-कोहीले पनि कार्य गर्दा आत्मा मोक्ष र समग्र मानव विकासका लागि गर्दछ भने त्यस्तो महात्मा नै आदर्श व्यक्ति हो । सधैं असल कुरालाई आत्मसात् गरेर त्यसको सिद्धि वा प्राप्तिका निमित्त काम गरेर संसारलाई सुन्दर, सुखद बनाउने सिद्धान्तमा डुबेको गुणले युक्त विशेषता नै आदर्श हो ।

**मर्यादा**

जो-कोहीले आफ्नो अनुकूल मर्यादा शब्दको अर्थ लगाउलान् तर रामको सन्दर्भमा मर्यादाको अर्थ लगाउने हो भने शालीनता र शिष्टाचार हो । यो व्यवहारको अति उत्तम रूप हो । यो व्यवहारमा देखिने दर्शनीय विषय हो । यसलाई सामान्य अर्थमा बुझ्ने हो भने मर्यादा भन्नाले सीमाभित्र रहनु भन्ने हो । मनुष्य एक सामाजिक प्राणी भएकाले प्रत्येक समाज, समुदायमा एक निश्चित नियम, मूल्य-मान्यता हुन्छन् । समाजमा अधिक मानिसहरू हुने हुनाले सबैको एक अर्कामा सम्बन्ध हुन्छ । यस्तो सम्बन्धलाई व्यवहारमा ल्याउनका लागि केही नियम र आचार हुन्छन् । यिनै नियम र आचारको पालना गर्नु नै मर्यादा हो । मर्यादाको पालना गर्नुलाई नै मर्यादित भनिन्छ । समाजद्वारा निर्दिष्ट नियम, सीमाको उल्लङ्घन गर्नु नै मर्यादाको उल्लङ्घन हो ।

मर्यादालाई एउटै क्षेत्रमा सीमित गर्न सकिँदैन । स्थान, परिवेश अनुसार मर्यादालाई वर्गीकृत गर्न सकिन्छ । यसलाई विभिन्न आधार दिएर वर्गीकृत गर्न सकिन्छ :

१) सामाजिक मर्यादा ।
२) कुल परिवारको मर्यादा ।
३) नातासम्बन्धी मर्यादा ।
४) सांस्कृतिक मर्यादा ।
५) धार्मिक मर्यादा ।

यी उल्लिखित मर्यादाका प्रकार व्यवहारतः दैनिक जीवनमा प्रायः प्रयोगमा आइरहन्छन् । विशिष्टीकृत ढङ्गले बुझ्ने हो भने यसका प्रकारलाई अझै विस्तृतीकरण गर्न सकिन्छ । मानव सृष्टिको यस्तो अनुपम नमुना हो, जसले अपेच्छाकृत मर्यादित रहन आवश्यक हुन्छ । जब कोही आफैं मर्यादामा रहने प्रयास गर्दैन भने उसले अरुको मर्यादा कसरी गर्न सक्छ र ! मर्यादा कायम राख्नका लागि व्यक्तिमा आचरण वाणी, भाषा, वचनमा नियन्त्रण राख्न आवश्यक हुन्छ ।

**महाभारतको विदुर नीति**

महाभारतको विदुर नीतिमा भाषाको मधुरता व्यक्तिको आभूषण हो भनिएको छ । यसै सन्दर्भमा सन्त कविरदासको भनाइ प्रासाङ्गिक हुन आउँछ । उनले भनेका छन्- 'वाणी यस्तो होस् जसले अरुलाई शीतलता प्रदान गरोस् । स्वयंको मनमा पनि शीतलता प्राप्त होस् ।' यसरी मर्यादालाई कायम गर्ने एक अङ्ग भाषा हो । विवेकवान् मानिसले कहिले पनि भाषाको मर्यादा उल्लङ्घन गर्दैन । मर्यादित भाषा यस्तो हो, जसले सम्बन्धलाई जोड्ने काम गर्छ ।

**महान् धार्मिक ग्रन्थ रामायण**

धार्मिकग्रन्थ रामायणमा श्रीरामलाई मर्यादा पुरुष भनिएको छ । श्रीरामको माता तथा पिताप्रतिको मर्यादा, गुरुभक्ति, भ्रातृप्रेम, पत्नीप्रतिको निष्ठा र आफ्नो राज्यका प्रजाजनहरूप्रति गरिएको सम्मान अनुकरणीय छ । मनुष्य जीवनका कर्तव्य कसरी पूरा गर्ने त्यो श्रीरामको जीवन चरित्रबाट सिक्न सकिन्छ । श्रीरामका तीन भाइले पनि आफ्ना सीमामा रहेर यही मर्यादा दर्शाएका थिए । नारीको मर्यादा के हो ? यो आदर्शनारी सीताबाट सिक्न सकिन्छ ।

श्रीरामको जीवनमा व्यतीत भएका घटनाको चिन्तन-मनन गर्ने हो भने आदर्श र मर्यादा अविरल झरनाजस्तो देखिन्छ । उनका हरेक घटनाले एउटा मर्यादाको दृष्टान्त र आदर्शको सन्देश दिएको पाइन्छ । पिताको मर्यादा (मान) राख्नका लागि श्रीराम वन गएका थिए । उनले पिताको आज्ञालाई सहर्ष स्वीकार गरेका थिए । अर्कोतर्फ षड्यन्त्रपूर्वक भरतलाई दिइएको राज्य त्याग गर्न भरतले कुनै कसर बाँकी राखेनन् । अन्त्यमा दाजुको मर्यादा कायम राख्न राज्य सञ्चालनार्थ श्रीरामको चरणपादुका सिंहासनमा राखेर १४ वर्षसम्म आफ्नो कर्तव्य निर्वाह गरे । सबै भाइ र भ्रातृपत्नीहरूले समेत मर्यादाको पालन गरे । जब सीताको वन गमनको प्रसङ्ग आउँछ,

रामले सीतालाई वन पठाए भन्ने भावोत्तेजक रोष रामका प्रति प्रकट गरेको पनि पाइन्छ । वास्तवमा वन गमन सीताको आफ्नै निर्णय थियो । राजा रामको मर्यादा कायम राख्नका लागि सीता स्वयंले वनवास गमनको यात्रा तय गरेकी थिइन् । नारी मर्यादाका सम्बन्धमा भारतीय प्रसिद्ध कथाकार राधाकृष्णका शब्दमा, 'नारीको मर्यादा घुङ्टभित्र र ढोकाभित्र होइन उसको स्वभावमा हुन्छ ।'

यस भनाइलाई अझ विस्तारपूर्वक विश्लेषण गरी चिन्तन गर्ने हो भने यी व्यवहारगत गुण सीतामा विद्यमान थिए ।

जीवनमा सन्तुलन र सामञ्जस्य कायम राख्नका लागि मर्यादा पालन कायम राख्नु नितान्त आवश्यक छ । मर्यादित जीवनको वास्तविक अर्थ मानिसले आफ्नो हर विचार, व्यवहार र कर्मको सामाजिक, नैतिक मूल्य-मान्यता सीमाभित्र रहेर आचरणयुक्त व्यवहार देखाउनु हो । यसबाट मानिसले उच्चतम गति हासिल गर्न सक्छ ।

मर्यादा भङ्ग हुन गयो भने अनुशासन टुट्छ । यसले समाजमा विखण्डन ल्याउँछ । कुनै पनि सत्मार्गीले आफ्नो जीवनको एक कालखण्डमा महान् कर्तव्य पालन गरेर समाजमा मर्यादा कायम राख्न सक्यो भने त्यो समाज उन्नतशील समाजमा रूपान्तरण भएर जान्छ । आजको भौतिकवादी समाजमा मर्यादा विशृङ्खलित हुँदै गइरहेको छ । यसले मर्यादापनलाई पतनोन्मुख बनाइरहेको छ ।

श्रीरामले आफ्नो जीवनमा उच्च आध्यात्मिक नैतिक मूल्यलाई कायम राखेर आफ्नो देश, समाज र युगलाई नै दृष्टान्तलाई छाडेर गए । रामको आदर्श र मर्यादाबाट अनुप्राणित भएका कैयौं मानिस रामको वैकुण्ठारोहण गर्ने घडीमा अयोध्याबाट सँगै गएका थिए । यसबाट स्पष्ट रूपमा के बुझ्न सकिन्छ भने रामको भौतिक अस्तित्वभन्दा पनि रामको मर्यादा र आदर्शबाट ती मानिस प्रभावित र अविचलित भएका थिए ।

**मर्यादा पुरुषोत्तम**

भगवान् श्रीरामलाई अनेकौं उपमा दिएर बुझ्ने गरिन्छ । उनलाई पितृभक्त, मातृभक्त, भ्रातृप्रेमका पर्याय, पत्नीव्रत, प्रजावत्सल, आदर्शवादी, मर्यादापालक र पुरुषोत्तम भनिन्छ । पुरुषोत्तमको अर्थ पुरुषमा पुरुष, आदर्श भाइ, धैर्यवान्, साहसी, न्यायी, पराक्रमी, उदार, हुनुका साथै मन, वचन, कर्मले कार्य गर्ने धर्म, सत्य, न्याय र निष्ठापूर्वक कार्य गर्ने व्यक्ति नै पुरुषोत्तम हो । विद्वान्का मत अनुसार भगवान् श्रीराममा यस्ता सोह्रवटा गुण विद्यमान थिए । वास्तवमा भन्ने हो भने श्रीराममा उच्च मर्यादा पालकको गुण थियो । उनले किष्किन्धा राज्यका राजा बालीको वध गरेपछि किष्किन्धा राज्य र त्यहाँका प्रजा वानरप्रति पनि उति नै मर्यादा दर्शाएका थिए जति उनले अयोध्याका प्रजालाई दर्शाउने गरेका थिए । लङ्काको विजय पश्चात् पनि रामले लङ्कावासीप्रति सोही आदर्श र मर्यादा दर्शाएका थिए । हिन्दु धर्मग्रन्थ वाल्मीकि रामायणको श्लोकमा यस्तो आदर्श वाक्य पाइन्छ, जहाँ भारद्वाज ऋषिले रामलाई सम्बोधन गर्दै आज्ञा गरेका थिए-

"मित्राणि धन धान्यानि प्रजानां सम्मतानिव,
जननी जन्म भूमिश्च स्वर्गादपि गरी यसी ।"

मित्र, धनधान्य आदिको संसारमा उच्च सम्मान गरिन्छ, तर आमा र मातृभूमिको स्थान स्वर्गभन्दा पनि महान् छन् । यसै सन्दर्भमा एउटा काल, परिवेश र परिस्थितिको सिर्जना हुन्छ, जब रामले रावणउपर सर गरेपछि लङ्काको स्वामित्व स्वतः राममा आइसकेको थियो । यसै परिवेशलाई बुझेर लक्ष्मणले रामलाई लङ्कामै बस्न आग्रह गरेका थिए । यसको प्रतिउत्तरमा रामले लक्ष्मणलाई भनेका थिए-

अपि स्वर्णयी लङ्का न मे
लक्ष्मण रोचते ।
जननी जन्मभूमिश्च स्वर्गादपि
गरीयसी ॥

लक्ष्मण यो लङ्का सुनले बनेको भए पनि यसमा मलाई कुनै रुचि छैन, किनकि जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन् । यो प्रसिद्ध आदर्श वाक्यले राष्ट्रप्रतिको माया र मर्यादा झल्काएको छ । यो आदर्श वाक्य हाम्रो देश नेपालको राष्ट्रिय आदर्श वाक्य पनि हो ।

**श्रीराम**

हिन्दु धर्मावलम्बीको प्रमुख पर्वहरूमा राम नवमी पनि एक महत्त्वपूर्ण पर्व हो । हिन्दु धर्मग्रन्थ अनुसार चैत शुक्लपक्षको नवमी तिथिमा भगवान् श्रीरामको जन्म भएको मानिन्छ । त्यसैले यस दिनलाई श्रीराम जन्मोत्सव वा राम नवमी भनिएको हो ।

राम शब्द रवि शब्दको समानार्थक हो । यसको अर्थ स्वयं प्रकाश हुनु वा आफू भित्रको ज्योति जगाउनु भन्ने बुझिन्छ । यही कारणले मनुष्य जन्मदेखि अन्तसम्म राम नाम पुकारी रहेको हुन्छ । यद्यपि आत्मप्रकाश नै राम नाम हो ।

भगवान् राम भगवान्

*बाँकी चार पृष्ठमा*

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी बकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

*मर्यादा पुरुषोत्तम...*

विष्णुको अवतारमध्ये एक हुन् । पौराणिक कथा अनुसार धर्तीमा फैलिएको अन्याय, अत्याचार र असुरहरूको विनाशका लागि भगवान् विष्णुले सातौँ अवतार लिँदा रामको रूपमा जन्म लिएका थिए । वास्तवमा भन्ने हो भने धर्म, सत्य, न्याय र निष्ठाका लागि रामले जन्म लिएका थिए ।

**रामनवमीको महत्व**

धार्मिकग्रन्थ अनुसार कलियुगमा भगवान् रामको स्मरण मात्रले पनि मनुष्यका सारा विघ्न–बाधाहरू हटेर जाञ्छन् भने प्राणान्त हुने घडीमा राम नाम उच्चारण गरे पनि मोक्ष मिल्छ भन्ने शास्त्रीय मत पाइन्छ । मर्यादा पुरुषोत्तमको उपमा पाएका रामको महिमा र गाथा अपरम्पार छ । मर्यादा पुरुषोत्तम भन्नाले कठिन समयमा पनि धर्मको साथ नछाड्नु र नीतिको सीमा उल्लङ्घन नगर्नु हो । श्रीराम स्वयंले भनेका छन्, 'जस्तोसुकै कठिन परिस्थितिमा पनि हार मानेर अनुपयुक्त कार्य नगर्नु ।'

रामनवमीले आदर्श, मर्यादा, सदाचार सद्व्यवहार र सद्गुण प्रदर्शन गर्नुलाई इङ्गित गर्दछ । राम नामको अन्तर्निहित रहस्यले मानवभित्र विद्यमान रहेको ज्योतिलाई स्वयं प्रकाशित गर्नु वा प्रज्वलित गरी सद्गुण, सद्व्यवहार, आदर्श, मर्यादा, सदाचार लगायत सोह्रवटा गुणलाई प्रज्वलित गरेर मानव जगत्मा आदर्श कायम गरी परमार्थमा मोक्ष प्राप्त गर्नु हो । यसका लागि श्रीराम नामको भजन–कीर्तन गरी सोही मार्गलाई अपनाउनु हो भन्ने बुझिन्छ ।

हिन्दुशास्त्रको काल गणनानुसार वर्तमान समयमा कलियुग चलिरहेको छ । यस युगमा अन्याय, अत्याचार, दुराचार, पापाचार, फैलिरहेको छ । यस प्रवृत्तिले संसारलाई आक्रान्त पारिरहेको छ । पाप र प्रवृत्तिगत अभिशापले ग्रसित यस घडीमा श्रीराम नाम उच्चारण समेतले मात्र पनि फल प्राप्त हुन्छ भन्ने शास्त्रीय मत रहेको छ ।

**रामराज्य**

जसको पगरी गुथ्न जिम्मेवारी वहन गरेकाहरू रामराज्य बनाउँछु भनेर कड्केको सुन्न पाइन्छ । वास्तवमा रामराज्य भनेको के हो ? रामराज्य कस्तो थियो ? यो सबैको जिज्ञासाको विषय हो । राजनीतिकर्मीहरू रामराज्य बनाउँछु भनेर भाषण गर्छन् तर कस्तोलाई रामराज्य भन्ने यस सम्बन्धमा महर्षी वाल्मीकिले भनेका छन्– 'अयोध्याका राजा रामले चलाएको राज्यलाई रामराज्य हो जहाँ धर्म, मर्यादा र नीतिमा राज्य चलेको थियो ।'

कुनै पनि देशको खुसी या विस्मात्मा राजा वा राज्य जिम्मेवार हुनपर्छ । त्यसैले जस्तो राजा त्यस्तै प्रजा भन्ने युक्ति चलेको पाइन्छ ।

रामराज्य एक पूरकतामा आधारित राज्य हो । यसमा सबै प्राणी एक–अर्काका पोषक हुन्छन् । यहाँ कोही शोषक हुँदैन । सबै एक–अर्काका रक्षक हुन्छन् । कोही कसैका विरुद्ध हिंसक हुँदैन । सबै एक–अर्काका शुभ चिन्तक हुन्छन् । भनिन्छ, बाघ र बाखीले एउटै पोखरीको पानी खाने वातावरण र परिस्थिति नै रामराज्य हो । यस्तो व्यवहार, नैतिकता र जिम्मेवारीबाट राजा, प्रजा, शासक र शासित सबैको कल्याण हुन्छ । यहाँ नै रामराज्यको ज्वलन्त नमुना झल्किन्छ ।

**धर्म, राजनीति र रामराज्य**

राजनीति र धर्म एक आपसमा जोडिएको हुन्छ, हुँदैन भन्ने सम्बन्धमा बहस चलेको सुनिन्छ । यस सम्बन्धमा आ–आफ्नो डम्फु पिटेको सुनिन्छ । राजनीति र धर्म एकापसमा मिसिनु हुँदैन भन्ने मान्यता प्रबल हुँदै आएको छ । यो मान्यताको विकास कसले गरे ? यस विषयमा लामो खोज गर्नुपर्दैन होला । जसले यो मान्यताको विकास गरे तिनीहरू नै बाइबल, कुरान र गीता समाएर देश र जनताको नाममा शपथ खान्छन् । विश्वका यी सम्भ्रान्त ठानिएका मुलुक अन्यलाई धर्म निरपेक्षताको खास्टो ओढाएर आफू धर्मग्रन्थलाई अँगालो हालेर निरपेक्षताका आलाप सुनाइरहेका हुन्छन् ।

यो धर्म सापेक्षता हो कि निरपेक्षता ? राजनीतिले सम्पूर्णतः सैद्धान्तिक रूपमा सिकार भोगेपछि धर्मलाई अँगालो आलेर राजनीतिक पथ निर्माण गरेको इतिहास खोज्न टाढा जानुपर्दैन । राजनीतिमा धर्म यो अर्थमा जोडिनुपर्छ जहाँ मानवधर्म जोडिनुपर्छ । मानवताकै लागि भनेर मानव नै रेटेर आजको विश्व अघि बढिरहेको छ । हिजो धर्मको आडमा राजनीति चलेको थियो । धर्म बेगरको राज्य, राजनीति र जनजीवन थिएन तर आज धर्मको वास्तविकतालाई भौतिकवादको पासोमा अल्झाएर आध्यात्मिक पक्षमा तीव्र प्रहार भइरहेको छ । धर्मविनाको राज्य र संस्कृतिविनाको समाजले एकाङ्गीपनको सिर्जना गरी नैराश्यताका काला बादलहरूको च्यादर ओढाउँछ । यसै अवसरको फाइदा उठाउँदै छद्म रूपधारीले मानव र मानवीय धर्मप्रति अंकुश लगाउने प्रयास गरिरहेको आभास पाइन्छ ।

रामराज्यमा धर्म पूर्ण रूपमा घुलेको थियो । नीति, नियम, मर्यादा, आदर्श र नैतिकता सबै पक्षलाई धर्मको अंशका रूपमा लिइन्थ्यो । भौतिकवादको उन्नतिले वर्तमान परिप्रेक्ष्यमा नैतिकता, आदर्श, नीति र नियमलाई त्यागेर भौतिकवादको पासोमा अल्भिनुपर्ने हो र ! समाज, संस्कृति र आम जनजीवनमा दिनुपर्ने सकारात्मक पक्षहरूलाई तिलाञ्जली दिएर रामराज्यको निर्माण गर्छु भनेर लाग्दा नैतिक आदर्श, मातृभूमि र हाम्रो मौलिक पक्ष विनाश भएर गए भने योभन्दा अभिशाप केही हुँदैन । आज यस पावन दिनमा मुलुक, आमनागरिक, हाम्रा मौलिक परम्परा र संस्कृति कायम राख्दै अगाडि बढ्ने अभिप्रेरणा भगवान् श्रीरामले सबैलाई प्रदान गरून् । रातोपाटीबाट

# राससले पायो लालपूर्जा

**राजविराज**/वर्षौं देखी सञ्चार सम्बन्धी गतिविधि गर्दै आएको राष्ट्रिय समाचार समिति (रासस) को राजविराजस्थित कार्यालयले शुक्रबार जग्गाधनी दर्ता प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेको छ ।

दुई कठ्ठा दुई धुर जग्गामा राजविराज ३ मा रहेको रासस शाखा कार्यालय चारकोठे भवनमा विगत तीन दशकदेखि कार्यालय सञ्चालन हुँदै आएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी किरण थापाले राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झालाई जग्गाधनी दर्ताको प्रमाण पुर्जा हस्तान्तरण गरे ।

लालपुर्जा हस्तान्तरण कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सप्तरीका शाखा अधिकृत भिमराव बस्नेत, रासस सप्तरीका प्रमुख शम्भु प्रसाद यादव, राससकर्मी अरुण यादव, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझीको पनि उपस्थिति रहेको थियो ।

बि.स. २०६५ साल आसार १३ गते तत्कालिन प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरेको अध्यक्षतामा रहेको भोगाधिकार समिति (स्थानिय सिफारिश समिति) ले उक्त जग्गा रासस कार्यालयलाई उपलब्ध गराउने गरी सम्पूर्ण प्रक्रिया पुरा गरी भूमि सुधार व्यवस्था विभागमा पत्राचार गरेको थियो ।

विभागले २०६६ पौष ३० गते राससको नाममा उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराई सहयोग गरिदिने व्यवस्थाका लागि नापी कार्यालय शाखा राजविराजलाई पत्राचार गरेको थियो । तर, प्रक्रिया लम्बिदा पत्राचार भएको झण्डै १५ वर्षपछि रासस कार्यालयले जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेको हो ।

# बैशाख १६ मा पत्रकार महासंघ सप्तरीको अधिवेशन हुने

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरी शाखाको जिल्ला अधिवेशन आउँदो बैशाख १६ गते हुने भएको छ ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा सोमबार जारि विज्ञप्तिमा केन्द्रिय समितिले पठाएको सर्कुलर बमोजिम बैशाख १६ गते अधिवेशन हुने उल्लेख छ ।

जारि विज्ञप्तिमा महासंघको कार्यसमितिको सोमबार बसेको बैठकले उक्त निर्णय गर्दै अधिवेशनको तयारीको कामसमेत सुरु भइसकेको जानकारी गराइएको छ ।

सोही विज्ञप्तिमा अधिवेशनको स्थान समेतको सूचना जारि हुने उल्लेख गर्दै अधिवेशनमा केन्द्रिय सर्कुलर बमोजिम २०७९ सालसम्म नविकरण भएका सदस्यहरुको सहभागिताका हुने जनाइएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८१०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

*किन छुट्टै ...*

पर्ने गर्छ । त्यसकारण पनि स्वास्थ्य सेवालाई निजामती सेवामा समावेश गरिनुहुँदैन । यदि सातैवटा प्रदेश कायम रहेको अवस्थामा सबै प्रदेशमा स्वास्थ्य मन्त्रालय हुनुपर्ने नियम आवश्यक हुन्छ । एकीकृत स्वास्थ्य सेवा ऐन कार्यान्वयन गराउने तर सबै प्रदेशमा स्वास्थ्य मन्त्रालय नहुने हो भने स्वास्थ्य सेवा प्रवाहमा समेत असर पर्न सक्छ ।

एकै ठाउँमा कार्यरत हुँदाको अवस्थामा स्वास्थ्यकर्मीमा मानसिक तनाव बढ्ने भएकोले निश्चित अवधिपश्चात् स्वास्थ्यकर्मीको सरुवा प्रक्रियामा सहजता प्रदान गर्नका लागि पनि एकीकृत स्वास्थ्य सेवा ऐन अपरिहार्य छ ।

विभिन्न प्रकारका महामारीको रोकथाम तथा नसर्ने रोगहरुको बढ्दो अवस्थालाई नियन्त्रणमा लिन, स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्न तथा दण्डित गर्न एकीकृत स्वास्थ्य सेवा ऐन आवश्यक छ ।

त्यसकारण समग्र स्वास्थ्य प्रणाली नै सुधारका लागि एकीकृत स्वास्थ्य सेवा ऐन आजको अपरिहार्य आवश्यकता हो । (डा सुशीलनाथ प्याकुरेलसँग स्वास्थ्यखबरकर्मी लक्ष्मी चौलागाईले गरेको कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट

*छिन्नमस्ताले ...*

तथा सोलार वाटर पम्प समेत जडान गर्ने बताए । यसले कृषिमा कम लागतमा उत्पादन बढ्ने विश्वास व्यक्त गरे ।

त्यस्तै यसअघि पालिकाले डिजिटिल सोइल म्यापिङ्ग (कम्प्युटरमा आधारित माटो नक्सांकन) कार्यक्रम गर्न लागेको छ । जसले जग्गाहरूको फोसफोरस, पोटास, नाइट्रोजन, ओरगेनिङ्ग मेटर, टेक्सटल, जमिनहरुको किसिम लगायतको विषयबस्तुको डाटा पाउनेछन् । यसले जग्गाको अवस्था, जग्गामा मल खाद्यको लागि रणनिती बनाउन मदत गर्नेछ ।जसले संतुलित मलखाद्यको प्रयोग र कृषि उत्पादन बढाउन तथा विषादीरहित उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास पालिकाले लिएको छ ।

# बाल बिवाहलाई न्युनीकरण गर्नसके समाजका लागी ठूलो उपलब्धी

**राजविराज**/जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले बाल बिवाहलाई न्युनीकरण गर्नसके समाजका लागी ठूलो उपलब्धी हुने बताए ।

जिल्लाको १८ वटै पालिकाका जनप्रतिनिधि, महिला विकास अधिकृत र सरोकारबालाहरुको सहभागितमा बालविवाह विरुद्धको जिल्ला स्तरीय कार्यशाला गोष्ठीलाई शुक्रबार सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

उनले विगतको भन्दा अहिले बालबिवाह केही कम हुने गरेको तर, पूर्ण रुपमा बन्द नभएको प्रति चिन्ता व्यक्त गर्दै सबै सरोकारबाला एकजुट भए बालविवाह चाँडै नियन्त्रणमा आउने विश्वास व्यक्त गरे ।

बालविवाहलाई निरुत्साहित गर्न बालबालिकाहरुलाई अनिवार्य रुपमा शिक्षित बनाउन आवश्यक रहेकोले त्यतातिर पनि सबैले ध्यान दिनुपर्ने साहको भनाई थियो ।

गैर सरकारी संस्था महासंघ नेपाल शाखा सप्तरीका अध्यक्ष बलदेव मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद् मधेश प्रदेशका प्रदेश समन्वय अधिकृत संजिव महतोले बाल बिवाहबाट हुने असर र यसबाट पर्ने नकारात्मक प्रभाव तथा कानुनी व्यवस्थाबारे सहभागीहरुलाई जानकारी गराए ।

सन् २०३० सम्म बालबिवाह न्युनीकरण गर्ने लक्ष्य नेपाल सरकारको रहेको जानकारी गराउँदै महतोले त्यही विषयमा सहभागीहरुसँग छलफल भएको जानकारी दिए ।

सेभ द चिल्ड्रेन, जिल्ला समन्वय समिति सप्तरी, सबल नेपालको सहयोगमा गैर सरकारी संस्था महासंघ नेपाल शाखा सप्तरीले आयोजना गरेको कार्यक्रममा जिल्लाका १८ वटै पालिकाका उपप्रमुख र महिला विकास अधिकृत सहित ६५ जना सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

# रक्तदान गरेर सिटिजन बैंकले मनायो वार्षिकोत्सव

**राजविराज**/सिटिजन बैंकले आफ्नो १७ औं बार्षिकोत्वसवको अवसरमा शुक्रबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा राजविराजस्थित बैंकको शाखा कार्यालय परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् ।

वर्तमान अवस्थामा रगतको बढ्दो मागलाई ध्यानमा राखी स्वास्थ्य उपचारको क्रममा रगतको आवश्यक पर्ने बिरामीहरुलाई सहज रुपमा रगत उपलब्ध गराउने उद्देश्यले वार्षिकोत्सवको अवसरमा रक्तदान गरिएको शाखा प्रबन्धक राजकुमार यादवले जानकारी दिए ।

उनले रक्तदानमा सिटिजन बैंकका क्लष्टर प्रमुख प्रकाश नेपाल सहित राजविराज शाखासहित कल्याणपुर, पातो, बोदेवरसाइन, काचन, फत्तेपुर र भारदह शाखाका कर्मचारीहरुले समेत रक्तदान गरेको बताए ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

**हाम्रो विशेषताहरु**

– दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
– कम्प्युटर ल्याबको व्यवस्था भएको ।
– विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
– CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
– Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**


# अन्तर्राष्ट्रिय समाचार

## आइओसीद्वारा ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स एजेन्डा सुरू

**लन्डन**/अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आइओसी) ले शुक्रबार ओलम्पिक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) एजेन्डा सुरू गरेको छ । एआईले खेलकुदका लागि प्रदान गर्न सक्ने परिकल्पना गरिएको प्रभाव र आइओसीले कसरी विश्वव्यापी नेतृत्व गर्न चाहन्छ भन्ने कुराको स्थापना गरेको छ ।

सन् २०१२ को लन्डन ओलम्पिक खेलहरूका लागि स्थलमध्येको लि भ्याली भेलोपार्कमा आयोजित उद्घाटन कार्यक्रममा आइओसी अध्यक्ष थोमस बाचले 'ओलम्पिक एआई एजेन्डा'लाई यस क्षेत्रमा ओलम्पिक आन्दोलनका नेताद्वारा पहिलो दृष्टिकोणको रूपमा प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो, "यो ओलम्पिक एआई एजेन्डाले अवसर र जोखिम दुवैलाई प्रस्तुत गर्दछ । यो एक वैचारिक र एकै समयमा व्यावहारिक दृष्टिकोण हो । यसले हाम्रो दृष्टि र महत्त्वाकांक्षालाई परिभाषित र एआईको पूर्ण क्षमतालाई अँगालेर हाम्रा मार्गदर्शक सिद्धान्तहरुलाई परिभाषित गर्दछ ।"

आईओसीले खेलाडीहरूलाई समर्थन गर्ने, स्वच्छ प्रतिस्पर्धा, सुरक्षित खेलकुद, एआईका फाइदाहरूमा समान पहुँच सुनिश्चित गर्ने, दिगोपन, बढ्दो संलग्नतामा ध्यान केन्द्रित गर्दै ओलम्पिक र पाराओलम्पिक खेल सञ्चालनलाई अनुकूलन गर्ने लगायत पाँचवटा मुख्य फोकस क्षेत्रहरूमा प्रभावकारीरूपमा लाभान्वित गर्ने रणनीतिक लक्ष्य परिभाषित गरेको छ ।

अध्यक्ष बाचले ओलम्पिक एआई एजेन्डाको केन्द्र खेलाडीहरू रहेको उल्लेख गर्दै भन्नुभयो, "किनकी खेलाडीहरू ओलम्पिक आन्दोलनका मुटु हुन् ।" उहाँका अनुसार एआईले संसारका हरेक कुनामा खेलाडी र प्रतिभा पहिचान गर्न सहयोग गर्न सक्छ तथा थप खेलाडीहरूलाई व्यक्तिगत प्रशिक्षण विधि, उत्कृष्ट खेल उपकरण, फिट र स्वस्थ रहन थप व्यक्तिगत कार्यक्रमहरूमा पहुँच प्रदान गर्न सक्छ ।

खेलकुद प्रदर्शनभन्दा बाहिर एआईले न्याय र रेफ्रीमा क्रान्ति ल्याउन सक्नेछ । यसबाट खेलकुदमा निष्पक्षतालाई बलियो बनाउने र खेलकुद सुरक्षामा सुधार ल्याउन सक्छ । एआईले खेलकुद कार्यक्रमहरूको आयोजनालाई अत्यन्त प्रभावकारी बनाउने, खेल प्रसारणलाई रूपान्तरण गर्ने र दर्शकको अनुभवलाई धेरै व्यक्तिगत राख्ने अध्यक्ष बाचले भन्नुभयो । एजेन्सी

## नयाँ वित्तीय साधनका लागि विश्व बैंकलाई ११ अर्ब अमेरिकी डलर कोष प्राप्त

**वासिङ्टन**/विश्व बैंकले ऋण क्षमता अभिवृद्धि तथा साझा विश्वव्यापी चुनौतीहरूको सम्बोधन गर्ने उद्देश्यले नयाँ वित्तीय साधनहरूका लागि ११ अर्ब अमेरिकी डलरको अनुमोदन प्राप्त गरेको छ ।

एघार देशले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्म, हाइब्रिड क्यापिटल संयन्त्र र नयाँ कोषका लागि कूल ११ अर्ब अमेरिकी डलरको प्रतिबद्धता घोषणा गरेको बैंकद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

विश्व बैंक समूहको लिभरेजिङ क्षमताले प्रदान गरिएका स्रोतहरूमा १० वर्षमा छदेखि आठ गुणा गर्न अनुमति दिन्छ र प्रतिज्ञा गरिएको स्रोतहरूमा निश्चित परिस्थितिमा यो १० गुणासम्म पुग्न सक्छ ।

यी प्रतिज्ञा गरिएका स्रोतहरूले सीमापार चुनौतीहरूको सामना गर्न र विकास लक्ष्यहरूलाई अगाडि बढाउन तत्काल कोषमा ७० अर्ब डलरसम्म उपलब्ध गराउन सक्छ ।

"हामीले यी नयाँ वित्तीय साधनहरू विकास गर्न कडा परिश्रम गरेकाले हाम्रो उधारो क्षमतालाई बढावा दिन्छ, दाता कोषलाई बढाउँछ र अन्ततः हामीलाई धेरै मानिसको जीवनमा सुधार गर्न अनुमति दिन्छ", विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाले भन्नुभयो, "यी मुलुकका उदारता हामीले बैंक सुधार गर्न गरेको प्रगतिको समर्थन हो र विश्वव्यापीरूपमा विकासका लागि उनीहरूको साझा प्रतिबद्धताको सङ्केत पनि हो ।"

बेल्जियम, फ्रान्स, जापान, अमेरिकालगायत ११ मुलुकले पोर्टफोलियो ग्यारेन्टी प्लेटफर्ममा प्रतिज्ञा गरेका छन् भने डेनमार्क, जर्मनी, इटाली, लाटभिया, नेदरल्यान्ड्स, नर्वे र बेलायतले हाइब्रिड पूँजीका लागि प्रतिवद्धता व्यक्त गरेका छन् ।

जापानले नयाँ लिभेवल प्लानेट फन्डमा प्रारम्भिक योगदान गर्नका लागि प्रतिबद्धता जनाएको छ । मुलुकहरूको आपसी योगदानले पर्यावरणीय चुनौतीहरूको सामनामा अन्तर्राष्ट्रिय सहयोगको महत्त्वमाथि प्रष्ट पार्दछ । एजेन्सी


विद्यार्थी भर्ना अभियान-२०८१

भव्यताका साथ सफल पारौं !




जनहितका लागि जारि सन्देश

बलान बिहुल गाउँपालिकाको कार्यालय, सप्तरी

# जसपाको राष्ट्रिय महाधिवेशनका लागि कार्यतालिका सार्वजनिक

**राजबिराज**/जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीको राष्ट्रिय महाधिवेशन तोकिएकै मितिमा सम्पन्न गर्नका लागि आवश्यक कार्यतालिका सार्वजनिक गरेको छ।

जसपाका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न केन्द्रीय कार्यकारिणी समितिको बैठकले महाधिवेशनका लागि पार्टीको सङ्गठित सदस्यतालगायत बैशाख ३ गतेभित्र सङ्कलन गरिएका अभिलेख मात्रै मान्य हुनेसमेत निर्णय गरेको छ।

कार्यतालिका अनुसार बैशाख १० गतेभित्र सङ्गठन बिभागले आवश्यकताअनुसार सङ्गठित पार्टी सदस्यतामाथि छानबिन गरी अभिलेख तयार गर्ने, सङ्गठित सदस्यतामा त्रुटि देखिएमा बैशाख १५ भित्र सच्याउनुपर्ने, १६ गते सङ्गठित सदस्यताको अभिलेख सार्वजनिक गरिनेछ।

त्यसैगरी बैशाख १७ देखि २० सम्म सङ्गठित सदस्यतामाथि उजुरी गर्ने र २१ गतेदेखि २५ भित्र ती उजुरीमाथि छानबिन गरिसक्ने समय तोकिएको छ।

सङ्गठित पार्टी सदस्यको अन्तिम नामावलीसहितको विवरण बैशाख २६ गते प्रकाशन गर्ने निर्णय भएको छ। बैशाख ३० गतेदेखि जेठ १० गतेभित्र राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन गरिसक्नुपर्ने तालिका सार्वजनिक गरिएको छ।

यसैगरी, मधेस प्रदेश सरकारका पूर्वमुख्यमन्त्री लालबाबु राउतको संयोजकत्वमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्नका लागि प्रतिनिधि निर्वाचनसम्बन्धी निर्देशिका तयार गर्न तीन सदस्यीय समिति गठन भएको छ। समितिको सदस्यमा शिवलाल थापा र मनिषकुमार सुमन रहेका छन्।

गत पुसमा जसपाको सम्पन्न केन्द्रीय समितिको बैठकले आगामी जेठ २७, २८ र २९ गते जनकपुरमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको थियो।

# जग्गा कित्ताकाट प्रकृया सुरु गर्न ढिलाई भएको भन्दै ध्यानाकर्षणपत्र

**राजबिराज**/जग्गा कित्ताकाट प्रकृया सुरु गर्न ढिलाई भएको भन्दै विहीवार भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाइएको छ।

नक्सा सहित भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि प्रतिवेदन बुझाई सक्दा पनि जग्गा कित्ताकाट प्रकृयामा ढिलाई भएको भन्दै रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवको नेतृत्वमा दुबै कार्यालयका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाइएका हुन्।

भू-उपयोग (पहिलो संसोशधन) नियमावली २०८० मा भू-उपयोग क्षेत्र तथा विवरण अधावधिक गर्नू पर्ने व्यवस्था छ। यस्तै सोही ऐनमा सो मध्ये कुनै एक भु-उपयोग क्षेत्रको नक्शा वा विवरण अधावधिक गर्न बाँकि रहेता पनि वर्गीकरण भएको क्षेत्रमा यस नियमावलीको अधिनमा रही कित्ताकाट गर्न सकिने उल्लेख छ। तर, सो अनुसारको प्रकृया अघि बढाउन नापी र भूमिसुधार तथा मालपोत कार्यालयले ढिलाई गरे पछि ध्यानाकर्षण पत्र बुझाइएको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए।

उनले गाँउपालिका भित्र रहेको स्थानीयको आवश्यक्ता, नापी विभागबाट प्राप्त विवरण तथा भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड २०८० लाई आधार लिई गाउँकार्य पालिकाबाट समेत निर्णय गरीएको पत्र सहित तत्काल कित्ताकाट सुरु गर्न ध्यानाकर्षण पत्र बुझाइएको उनले बताए।

उनले गाउँपालिका क्षेत्र भित्रका कृषि, आवसिय, व्यवसायीक, औधोगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, पुरातात्विक महत्व लगायतका क्षेत्रको परार्मशदाता कम्पनी वियोङ्ग इमाजिलेशन कन्सट्रक्सन प्रा.लि.को सहयोगमा वर्गीकरण कार्य सकिएको र सोको प्रतिवेदन समेत बुझाएको लामो समय बितिसक्दा पनि जग्गा कित्ताकाट प्रकृया सुरु नहुदा समस्या भएको बताए।

ध्यानाकर्षण पत्र बुझ्दै सम्बन्धित कार्यालयका प्रमुखहरुले भू-उपयोग नियमावलीको परिधिमा रही छिट्टै जग्गा कित्ताकाट प्रकृया सूरु गर्ने आश्वासन दिएको रुपनी गाउँपालिकाले जनाएको छ।

# छिन्नमस्ताले डिजिटल माटो परीक्षण प्रयोगशाला संचालन गर्दै

**राजबिराज**/ कृषिलाई आधुनिकीकरण गरि उत्पादन बढाउने उद्देश्यले सप्तरीको छिन्नमस्ता गाउँपालिकाले डिजिटल माटो परीक्षण प्रयोगशाला संचालन गर्ने भएको छ।

गाउँपालिकाले पालिका भित्र सो डिजिटिल सोइल म्यापिङ्ग (कम्प्युटरमा आधारित माटो नक्सांकन) कार्यक्रम गर्न लागेको गाउँपालिकाले जनाएको छ।

माटो प्रयोगशाला राजबिराजको सहकार्यमा उक्त कार्यक्रम पालिकाको सातवटै वडामा आयोजना गर्न लागेको पालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन्।

गाउँपालिका अध्यक्ष चौधरीले पहिलो चरणमा पालिकाको ७ वटै वडामा रहेको कुल कृषि योग्य जग्गाको नक्सांकन गरिने जनाउँदै यस्ता कार्यले सन्तुलित मलखाद्यको प्रयोग हुने र कृषि उत्पादन बढाउन तथा विषादीरहित उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

# रामनवमीको अवसरमा शोभायात्रा

**राजबिराज**/भगवान रामको जन्मदिनको अवसरमा बुधवार रामनवमीका दिन राजविराजमा शोभायात्रा निकालिएको छ।

राजविराज ६ स्थित राम मन्दिरमा विषेश पूजा गरि बाजा गाजासहित शोभायात्रा निकालिएको हो।

रामसीताको दर्शन गर्न हजारौ श्रद्धालु मन्दिर परिसरमा भेला भएपछि बाजा गाजासहित शोभायात्रा निकालिएको थियो।

रामनवमीका अवसरमा जिल्लाका अन्य पालिका स्थित राम मन्दिरहरुमा समेत विहानै देखी दर्शनार्थी भक्तजनको घुईचो देखिन्थ्यो।

भगवान रामले मानव जीवनलाई सत्यको मार्गमा लाग्ने प्रेरणा दिएको भन्दै उनको श्रद्धा र सम्मानमा जन्मदिनलाई रामनवमी पर्वको रुपमा मनाउन थालिएको धार्मिकग्रन्थमा उल्लेख छ।












**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*